COMPANY REGD NO. 168307/73/074

# HIMALAYAN HYDROPOWER LIMITED

Buddhanagar-10, Kathmandu, Nepal

प.सं. २०८२।०८३ मिति २०८२।१०।२२

च.नं. ९४

विषयः **हकप्रद शेयर निष्काशनको पूर्व स्वीकृती बारे जानकारी गराईएको सम्बन्धमा** ।

श्री कम्पनि रजिष्ट्रारको कार्यालय

त्रिपुरेश्वर, काठमाण्डौं, ।

श्री नेपाल धितोपत्र बोर्ड

खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्स्चेन्ज लिमिटेड

रामशाहपथ काठमाण्डौं, ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

रामशाहपथ काठमाण्डौं, ।

महाशय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको चुक्ता पूंजी रु.१,०९,५०,००,०००/- को १:१ अनुपातमा हकप्रद शेयरको सार्वजनिक निष्काशनको लागि पूर्व स्वीकृती प्रदान गरिएको बारेको विद्युत नियमन आयोग काठमाण्डौं नेपालको मिति २०८२/१०/२१ गते प.स २०८२/८३ च.न. ८१७ को पत्र मिति २०८२।१०।२२ मा यस कम्पनीमा प्राप्त भएको हुंदा सो पत्रको प्रतिलिपी यसै साथ संलग्न गरी तहाँ जानकारीको लागी पेश गरिएको व्यहोरा सादर अनुरोध छ।

बोधार्थ

श्री ग्लोबल आईएमई क्यापीटल लिमिटेड

लक्ष्मण बाबु भवन, नक्साल, काठमाडौं । विवरण पत्र तयार गरी दिनु हुन ।

कृष्णप्रसाद धुप्सरी

कम्पनि सचिव

himalayanhydro2021@gmail.com www.hhpl.com.np 977 1 4796641

# विद्युत् नियमन आयोग

(विद्युत् नियमन आयोग ऐन, २०७४ बमोजिम स्थापित स्वायत नियमनकारी निकाय)

प.सं: २०८२/८३ मिति २०८२/१०/२१

च.नं: ८९७

श्री हिमालयन हाइड्रोपावर लिमिटेड,
बुद्धनगर, काठमाडौँ ।

**विषय: हकप्रद शेयर निष्काशनको पूर्वस्वीकृति सम्बन्धमा ।**

प्रस्तुत बिषयमा प्रचलित कानुन बमोजिम विद्युतको उत्पादन अनुमतिपत्र प्राप्त कम्पनी हिमालयन हाइड्रोपावर लिमिटेडको साविकको अधिकृत पुँजी रु. १,९८,००,००,०००/-, जारी पुँजी रु. १,०९,५०,००,०००/- र चुक्ता पुँजी रु. १,०९,५०,००,०००/- रहेकोमा हाल चुक्ता पुँजीको १:१ अनुपातमा प्रस्तावित शेयर रकम रु. १,०९,५०,००,०००/- को १,०९,५०,००० कित्ता हकप्रद शेयर निष्कासनको लागि मिति २०८२/०२/२९ मा निवेदन तथा विभिन्न मितिमा कम्पनीबाट थप कागजातहरु प्राप्त भएकोमा कम्पनीले सार्वजनिक निष्कासनबाट प्राप्त रकम रु.२२,५०,००,०००/- कम्पनीबाट निर्माण भएको जलविद्युत् योजनाको निर्माण कार्य सम्पन्न गर्नको लागि ग्लोबल आइएमई बैंक लिमिटेड सँग लिएको रु. १५ करोड BG loan र आयोजनाको निर्माण कार्यसँग सम्बन्धित अन्य बाँकि खर्च भुक्तानी गर्ने उल्लेख भएकोमा कम्पनीबाट पेश भएको विवरणबाट रु. १५ करोड Bridge Loan भुक्तानी भएको र बाँकि रकम आयोजना निर्माणको लागि अन्य पक्षलाई रकम भुक्तानी भएको पाइयो । सो सम्बन्धमा छलफल हुँदा Global IME Bank को २५ नोभेम्बर २०२५ को पत्र बमोजिम ३१ असोज, २०८२ को मितिमा कम्पनीको Loan Outstanding रु. १,३६,८५,७३,६२४|०७ रहेकाले कम्पनीको अद्यावधिक कर्जा तिर्ने प्रयोजनार्थ कम्पनीलाई हालको चुक्ता पुँजी रु. १,०९,५०,००,०००/- को १:१ को अनुपातमा हकप्रद शेयर निष्कासन गर्न " विद्युत्सम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्कासनको पूर्वस्वीकृति तथा नियमन सम्बन्धी निर्देशिका, २०७८ को दफा ७ तथा दफा ९ बमोजिम तपसिलका थप सर्त सहित आयोगको मिति २०८२/१०/२० को २९९औं बैठकबाट पूर्वस्वीकृति प्रदान गरिएको व्यहोरा अनुरोध छ ।

<u>सर्तहरु:</u>

१. हकप्रद शेयरको निष्कासनबाट प्राप्त भएको रकम बैङ्क ऋण तिर्ने, र Short Term Loan तिर्ने प्रयोजनमा प्रयोग गरी सो को पन्ध्र दिनभित्र पुष्टि हुने कागजात सहित आयोगमा जानकारी गराउनुपर्नेछ ।
२. प्रचलित कानुन बमोजिम अनुमतिपत्र जारी गर्ने तह तथा अन्य तहबाट सहमति लिनुपर्ने भएमा सो लिई आयोगलाई जानकारी गराउनु पर्नेछ ।
३. प्रचलित कानुन बमोजिम लाभकर लगायत अन्य कर बुझाउनुपर्ने भएमा सम्बन्धित तहमा सो कर बुझाउनुपर्नेछ ।
४. तहाँ अन्तर्गतका शेयरधनीहरूमध्ये कुनै शेयरधनी विद्युत् सम्बन्धी आयोजना बनाई नेप्सेमा सूचीकृत कम्पनी भएमा हकप्रद शेयर जारी गरी लगानी गर्ने भएमा आयोगको पूर्वस्वीकृति लिनुपर्नेछ ।

विद्युत नियमन आयोग
काठमाडौं, नेपाल

५. आयोगले ऐन, नियमावली, विनियमावली र निर्देशिका मापदण्ड, संहिता तथा संस्थागत सुशासन सम्बन्धी निर्देशन बमोजिम कार्यान्वयन गर्न र निर्दिष्ट विषय सम्पादन गर्न समय समयमा आदेश वा परिपत्र जारी गर्दा सोको परिपालना कम्पनीले गर्नुपर्नेछ।

६. हकप्रद शेयरको निष्कासन गर्दा प्रथम चरणमा निश्चित समय तोकी संस्थापक शेयरधनीका लागि शेयर निष्कासन गर्नु पर्नेछ। सो बमोजिम संस्थापक शेयरधनीले चुक्ता गर्नु पर्ने कुल रकम र सो रकम चुक्ता गरे नगरेको व्यहोरा खुलाईएको विवरण समेत प्रकाशन गरी दोस्रो चरणमा सर्वसाधारणको लागि हकप्रद शेयरको निष्कासन गर्नु पर्नेछ।

७. अनुमतिपत्र प्राप्त कम्पनीले शेयरको सार्वजनिक निष्कासन गर्दा प्रकाशन गरिने विवरणपत्रमा धितोपत्रसम्बन्धी प्रचलित कानुन बमोजिमका विवरणको अतिरिक्त *विद्युत् सम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्कासनको पूर्वस्वीकृति तथा नियमन सम्बन्धी निर्देशिका,* २०७८ को दफा १६ बमोजिमको विवरण समेत समावेश गर्नु पर्नेछ। उक्त विवरण पत्रमा आयोगबाट स्वीकृत भए बमोजिम बैङ्क ऋण तिर्ने, र Short Term Loan तिर्ने प्रयोजनका लागि हकप्रद शेयरको निष्कासनको पूर्वस्वीकृति प्राप्त भएको समेत स्पष्ट रूपले खुलाई समावेश गर्नु पर्ने छ।

.............................

सन्दिप न्यौपाने

(इन्जिनियर)